राष्ट्र र जनताप्रति प्रतिबद्ध

# द पब्लिक टुडे

The Public Today National Daily

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १३२ | २०८२ माघ १२ गते सोमवार | (Monday, 26 Jan., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

प्रतिनिधिसभा निर्वाचन

## उखु बोकेर चर्चामा उम्मेदवार, किसानको पीडामाथि मौन

**शैलेन्द्र महतो/विनु सुवेदी**
**सर्लाही, माघ ११ गते ।**

ऋषि धमला उखुका बिटा बोक्दै खेतमा पसेपछि गाउँलेले थाहा पाए, चुनाव आयो । चुनाव त यसअघि पनि आउँथ्यो रौतहटमा । अनि ऋषि पनि आउँथे । तर यसअघि माइकको बुम बोकेर आउने धमला यसरी कुनै दिन उम्मेदवारै बनेर आउलान् भन्ने कल्पना यी देहाती लोगलाई भएन ।

जसै रौतहट-४ बाट चुनावी प्रतिस्पर्धामा उत्रिएका ऋषि धमलाले किसानको खेतमै पुगेर उखुका बिटा टिपे, भिडियो तु भाइरल भइदियो ।

यसअघिका चुनावझैं यस चुनावले पनि समस्या उजागर त गर्ने पक्का देखियो तर समाधान भने खुद ऋषिसँग पनि थिएन । मतदाता रिझाउन अनेक ढर्रा गरिरहेका धमलाको उक्त भिडियो सामाजिक सञ्जालमा अहिले पनि घुमेको घुम्यै छ । भिडियो हेर्ने मध्ये धेरैले रमाइलो मानीमानी सेयर गरिरहेका हुन्छन् ।

अहिले मधेशमा उखु काट्ने र चिनी मिलमा बेच्ने सिजन चलिरहेको छ । तर यो देखिने सिजन हो । अक्सर राज्यले पनि नदेख्ने र सामाजिक सञ्जालमा पनि भाइरल नहुने उखुको अर्को अँध्यारो कथा छ, त्यही कथा आज हामी भन्दैछौं ।

सर्लाहीको हरिवन स्थित इन्दुशंकर चिनी मिलमा ट्याक्टरमा उखु लिएर पुगेका बरहथवा नगरपालिका-११ भवानीपुरका गणेश यादव गत माघ ८ गते बिहीबार



बिहान १० बजेतिर पालो कुरेर बसिरहेका थिए । ट्याक्टर लाइनमा राखेर पछाडिको दुईवटा चक्काको बीचमा ओछ्यान लगाएर थकाइ मारिरहेका उनको हातमा केहीबेर अघि मात्र चलान पुर्जी परेको थियो ।

'हिजो साँझ आएँ । तर चलान पुर्जी थिएन । अहिले केहीबेर अगाडि ल्याएँ',चलान पुर्जी पाएकोमा उनी खुसी देखिए । यादवका भनाइमा मिलले धनी र पहुँचवाला किसानलाई डरले समयमै चलान दिन्छन् तर साना किसानसँग पैसा लिन्छन् ।

'उखु काटेपछि जेटिए (उखु मिलले खटाउने कृषि प्राविधिक) चलान पुर्जी दिन मान्दैनन् । एक ट्याक्टरको चलानका लागि पाँच सय/हजार रुपैयाँ देऊ, नभए होटल जाउँ, दारु मासु खुवाउ भन्छन्' उनले आक्रोश पोखे ।

उनका अनुसार पुस दोस्रो साता उखुको क्रसिङ हुन्छ भनेर हल्ला फैलायो । किसानले उखु काटे । तर एकडेढ हप्तासम्म उखु सुकेर तौल घट्यो । दौडधुप गरेर चलान लिएर उखु मिलमा पुर्याउँदा सुकेको भन्दै १० देखि २० प्रतिशत भाउ कट्टा गरिदियो । 'मिल खुल्यो भनेर हल्ला फैलायो । किसानले उखु काटे । तर चलान दिएन । १० दिनसम्म दौडधुप गरेर चलान लिएर उखु मिलमा पुर्याउँदा सुक्यो भनेर १०-२० प्रतिशत कटौती गरिदियो । जहाँ पनि किसानलाई नै घाटा' उनले दुखेसो पोखे ।

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि ६ माघमा मनोनयन दर्ता गराएका दलका तथा स्वतन्त्र उम्मेदवारहरूले घरदैलो थालिसकेका छन् । भोट माग्नेहरू किसानका खेतदेखि उद्यमीका मिलसम्म पुगेका छन् ।

जति चुनावी सरगर्मी बढ्दै गए पनि मधेशका उखु किसानहरूका पीडा र समस्यामा भने कमी आएको छैन । बरू अघिल्ला निर्वाचनमा गरेका वाचा पुरा नगरि उम्मेदवारहरू फेरि भोट माग्न गाउँ छिरेकोमा किसानको आक्रोस भने बढेको छ ।

विगतका उम्मेदवार जितेर गएपछि उखु किसानको समस्याको बारेमा खासै भूमिका नखेलेको दुखेसो किसानको छ । 'मिलसँग नेताहरु पनि मिल्छन् । हाम्रो पिडामा बोलिदिँदैनन् । पुराना नेतासँग मन भरिएको छ । अब त नयाँलाई मत दिन्छु' किसान गणेशले सुनाए ।

सर्लाहीको इश्वरपुर नगरपालिका ८ रामपुरकी अम्बिका कार्की मध्यदिनमा आठ कट्ठा खेतको उखु कटाएर मिलमा लैजान ट्याक्टरमा लोड गराउन व्यस्त थिइन् । मध्य हिउँदमा पनि रापिलो घाममा असिन-पसिन भएर काम गरिरहेका अरू किसानजस्तै उनको मनमा पनि पीडा त उही थियो-मेहनतको फल पाइएला कि नपाइएला ! उनले गत वर्षको बाँकी अनुदान अझै नपाएको गुनासो गरिन् ।

'हेर्नुस् उखु उब्जाउन र मिलसम्म पुऱ्याउन कति दुःख छ । तर गत वर्षको उखुको अनुदानको पैसा अझै दिएको छैन,' उनले भनिन्, 'भन्न त दशैंकै बेला खातामा हालिदिने भनेका थिए । हेर्नुस न नेता, सरकार सबै झुटो बोल्छन् ।' खेती गर्न मल नपाउँदा कालोबजारीसग किन्नु परेको गुनासो गरिन । 'सबैले आशामात्रै देखाए काम गरेनन्,' कार्कीले भनिन् 'अब नयाँलाई हेर्ने हो ।'

गत वर्ष उखुको मूल्य प्रति क्विन्टल ५८५ निर्धारण गरिएको थियो । त्यसमा उखु किसानलाई प्रोत्साहन बापत प्रति

*- बाँकी पृष्ठ ३ मा*

राष्ट्रियसभा सदस्यको निर्वाचन

## मधेशमा गठबन्धनका चारैजना उम्मेदवार निर्वाचित

**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, माघ ११ गते ।**

राष्ट्रिय सभा सदस्यको निर्वाचनमा मधेस प्रदेशमा गठबन्धनका चारैजना उम्मेदवार निर्वाचित भएको छ । आइतबार विभिन्न चार समुहको चार सिटका लागि मतदान भएकोमा अन्यमा जनता समाजवादी पार्टी (नेपाल)का संरक्षक महन्थ ठाकुर, महिलामा नेकपा एमालेकी रेखा झा, दलितमा नेपाली कांग्रेसका धमेन्द्र पासवान र अपाङ्गता भएका/अल्पसंख्याक समुहमा कांग्रेसकै रंजित कर्ण निर्वाचित भएका छन् ।

जसपा नेपालका नेता महन्थ ठाकुरले ७ हजार ७ सय २५ अंकभार (मत) प्राप्त गरेर निर्वाचित भएका छन्। उनका



प्रतिद्वन्दी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का लक्ष्मण पौडेलले १ हजार ८ सय ५ अंकभार प्राप्त गरेका छन् । महिला समुहमा एमालेकी रेखा झाले ७ हजार २ सय २२ अंकभार ल्याएर निर्वाचित भएकी छन् भने उनकी निकटम प्रतिद्वन्दी नेकपाकी शमीकुमारी अग्रवालले १ हजार ९ सय ४४ र जसपा नेपालकी चन्द्रकला देवी साहले ३२२ अंकभार मत प्राप्त गरेकी छन् । अपाङ्गता/अल्पसंख्यक समुहमा कांग्रेसका रंजित कर्णले ८ हजार ९३ अंकभार भएको मत पाएका हुन् । उनका प्रतिद्वन्दी नेकपाका रामनन्दन प्रसादले १ हजार ३ सय ६१ र जसपा नेपालका शैलेश कुमार चौधरीले २७७ अंकभार भएको मत पाएका छन् । दलित समुहमा कांग्रेसका धर्मेन्द्र पासवान ७ हजार ९०४ अंकभार भएको मत पाएर निर्वाचित भएका छन् । उनका प्रतिद्वन्दी नेकपाका शम्भु पासवान हजारीले १ हजार ३७६ अंकभार भएको मत प्राप्त गरेका छन् । यस्तै, जसपा नेपालकी चमेली देवी दासले २०९ अंकभार भएको मत प्राप्त गरेकी हुन् । जसपा नेपालले अन्य बाहेकका तीन उम्मेदवारलाई निस्क्रिय गरेको थियो ।

## जग्गा विवादमा एक जनाको मृत्यु



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ ११ गते ।**

सिरहामा ऐलानी जग्गाको विषयमा भएको विवाद उत्कर्षमा पुग्दा आइतबार एक जनाको मृत्यु भएको छ । सिरहाको कर्जन्हा नगरपालिका-१० स्थित सार्वजनिक जग्गाको बाटोमा बनाइएको संरचनाको विषयमा दुई पक्षबिच विवाद चर्किएको थियो । मृत्यु हुनेमा सोही ठाउँ निवासी ५० वर्षको अजमोदिन सेख रहेका सिरहा प्रहरीले जनाएको छ । सिरहा प्रहरी प्रमुख बासु पाठकका अनुसार सोही ठाउँका अख्तर शेखले सार्वजनिक बाटोमा घर बनाइरहेका थिए, उक्त जग्गा ऐलानी रहेको भन्दै अदालतमा रिट दायर भएको थियो ।

त्यसपछि अदालतले पनि सार्वजनिक जग्गामा संरचना बन्न नदिनू भनेर आदेश दिएको थियो । सोही आदेश कार्यान्वयन

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

## सम्पादकीय............

# कुष्ठरोग शून्यको लक्ष्य

७३औं विश्व कुष्ठरोग दिवसको अवसरमा जनकपुरधाममा शनिवार आयोजित एक कार्यक्रममा सार्वजनिक गरिएको तथ्यले नेपालमा कुष्ठरोग अझै गम्भीर जनस्वास्थ्य चुनौतीका रुपमा विद्यमान रहेको देखाएको छ । आर्थिक वर्ष २०८१/०८२मा नेपालमा नयाँ कुष्ठरोग बिरामीको दर ८.१६ रहे पनि मधेस प्रदेशमा यो दर १३.६७ पुगेको छ, जुन राष्ट्रिय औसतभन्दा निकै बढी हो । यसले रोगको भौगोलिक असमानता मात्र होइन, जनचेतना, स्वास्थ्य पहुँच र सामाजिक सोचमा विद्यमान कमजोरी पनि उजागर गर्दछ ।

कुष्ठरोग पूर्णरुपमा उपचारयोग्य रोग हो । समयमै पहिचान र नियमित उपचार पाएमा यसबाट हुने अपाङ्गता र सामाजिक बहिष्कार रोक्न सकिन्छ।तर रोगभन्दा पनि यससंग जोडिएको डर, लाज र भेदभाव नै यसको नियन्त्रणमा ठूलो अवरोध बनेको छ । त्यसैले कुष्ठरोग शून्यमा झार्न सबैभन्दा पहिला व्यापक र निरन्तर जनचेतना अभियान आवश्यक छ । विद्यालय, समुदाय, धार्मिक स्थल र सञ्चारमाध्यममार्फत कुष्ठरोगको कारण, लक्षण, उपचार र संक्रमित व्यक्तिप्रति अपनाउनुपर्ने मानवीय व्यवहारबारे स्पष्ट सन्देश दिनुपर्छ ।

नेपाल सरकारको भूमिका नीतिगत नेतृत्व,पर्याप्त बजेट व्यवस्था,राष्ट्रियस्तरको निगरानी र तथ्याँक प्रणाली सुदृढीकरणमा केन्द्रित हुनुपर्छ । प्रदेश सरकारले उच्च जोखिम भएका क्षेत्र पहिचान गरी लक्षित कार्यक्रम, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि र मोबाइल क्लिनिकजस्ता सेवाको विस्तार गर्नुपर्छ । स्थानीय तहले घरदैलो स्वास्थ्य सेवा, प्रारम्भिक परीक्षण, नियमित फलोअप र सामाजिक समावेशितामा विशेष ध्यान दिनुपर्छ । साथै गैरसरकारी संस्था,नागरिक समाज, सञ्चारकर्मी र समुदायका अगुवाहरुले भेदभावविरुद्ध आवाज उठाउँदै उपचारमा सहयोगी वातावरण बनाउन सक्रिय भूमिका खेल्नुपर्छ ।

विश्व कुष्ठरोग दिवस केवल स्मरणको दिन मात्र होइन, कुष्ठरोगमुक्त समाज निर्माणको प्रतिबद्धता दोहोर्‍याउने अवसर हो । यदि सबै तह र सरोकारवाला साझा जिम्मेवारीका साथ अघि बढ्ने हो भने 'शून्य कुष्ठरोग'सम्भव छ भन्ने हाम्रो बुझाइ छ ।

## राशिफल

मेष - नयाँ योजना अगाडी बढ्न सक्छ ।
वृष - परिवारसँग सुमधुर सम्बन्ध हुनेछ।
मिथुन - यात्रा लाभदायक हुनेछ।
कर्कट - अवसर प्राप्त हुने ।
सिंह - आर्थिक मामिलामा सुधार हुनेछ ।
कन्या - सामाजिक प्रतिष्ठा बढ्नेछ।
तुला - स्वास्थ्यमा ध्यान दिनु उपयुक्त होला ।
वृश्चिक - शत्रुहरुले बाधा पुर्याउन सक्छन्।
धनु - विवाद हुन सक्छ।
मकर - धार्मिक यात्रामा जाने सम्भावना छ ।
कुम्भ - मेहनतको फल प्राप्त हुने।
मिन - परिवारमा शान्ति कायम हुनेछ ।

# बालेनसँगको तिक्ततालाई सामुदायिक घृणावादमा पुर्‍याए ओलीले



काठमाडौं, माघ ११ गते ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अगाडि बढाएको भावी प्रधानमन्त्रीका उम्मेदवार हरूबीचको बहस प्रस्तावलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाहले अस्वीकार गरेका छन् ।

सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै ओलीले बहसका निम्ति आफू तयार रहेको सन्देश दिएका थिए । तर ओलीसँग मञ्च शेयर गर्न आफू तयार नरहेको बालेनले प्रतिक्रिया दिए। ओलीकै स्टाटसमा प्रतिक्रिया लेखेर प्रस्ताव अस्वीकार गर्ने क्रममा बालेनले गम्भीर आरोप नै दोहोर्‍याए, 'आफूलाई आतंकवादी चाहिँ कहिले स्वीकार्ने हो ? त्यसपछि अरू कुरा गरौला !'

जेनजी विद्रोहका क्रममा ७६ बालबालिका हत्याको आरोप लगाउँदै बालेनले ओलीलाई 'हत्यारा' भनेका छन् । '७६ जना बच्चाको हत्यारा र उसको मतियारसँग एउटै मञ्चमा उभिनु भनेको म पनि त्यसमा सामेल भएको बुझिनेछ,' बालेनले लेखेका छन् । जवाफमा बालेनले प्रयोग गरेको भाषाले चुनावी बातावरण तिक्ततातिर धकेलिन सक्ने जोखिम बढाएको मात्र छैन, राजनीतिमा घृणाको अभिव्यक्तिले प्रश्रय पाउने उत्तिकै सम्भावना छ ।

तर जेनजी विद्रोहका घटनाबारे निष्कर्ष निकाल्न जाँचबुझ आयोगले काम गरिरहँदा परिस्थितिलाई उत्तेजनातिर धकेल्नेगरी बालेनलाई बोल्न बाध्य पार्न भने ओलीकै अभिव्यक्तिहरूले बल पुगेको देखिन्छ ।

प्रधानमन्त्रीका उम्मेदवारहरूबीच बहस प्रस्ताव राख्दा नै ओलीले 'देश जलाउने र देश बनाउने' भनेर कित्ताकाँट मात्र गरेका छैनन्, २४ भदौको विध्वंशको कित्तामा बालेनलाई उभ्याउने प्रयत्न गरेका छन् । 'नयाँ-पुराना सबै दलहरू अहिले चुनावमा होमिएका छन् । देश जलाउने र देश बनाउने पक्षबीच हुने यो प्रतिस्पर्धामा हाम्रो पार्टी नेकपा एमाले देश बनाउने तर्फबाट मैदानमा छ,' ओलीले लेखेका छन् ।

बालेनको नाम नलेखे पनि ओलीको आशय बुझ्न गाह्रो पर्दैन । झापा-५ मा आफूसँग चुनावी प्रतिस्पर्धा गर्न आएका बालेनविरूद्ध ओलीले चर्को आक्रोश पोखिरहेका छन् ।

गत ६ माघमा उम्मेदवारी दर्ता गराउन झापा पुगेका ओलीले कान्तिपुरसँगको अन्तार्वार्तामा त केही आपत्तिजनक शब्द नै प्रयोग गरेका थिए । काठमाडौंका पूर्वमेयर बालेनको व्यक्तिगत सामर्थ्य र निष्ठामाथि प्रश्न उठाउँदा ओलीले क्षेत्र विशेष र समुदायको भावनामा चोट पुग्नेगरी टिप्पणी गरे ।

'दमक सफा नगरहरू मध्ये पर्छ । व्यवस्थित नगरहरू मध्ये पर्छ । यो महोत्तरी धनुषा जस्तो अवस्थामा होइन, त्यो भन्दा धेरै एड्भान्स छ,' ओलीले भनेका छन्, 'अब उहाँ (बालेन) त्यो कल्चरबाट आएको मान्छे, यस कल्चरमा अब उहाँले यहाँ गुइँठा बाल्न सिकाउनु हुन्छ कि के गर्नु हुन्छ मलाई थाहा छैन ।'

ओलीको यस्तो अभिव्यक्तिप्रति चर्को आलोचना भइरहेको छ । विशेषगरी मधेश प्रदेशका एमाले नेताहरूलाई ओली अभिव्यक्तिको प्रतिरक्षा गर्न गाह्रो परिरहेको देखिन्छ । 'चारपटक प्रधानमन्त्री भइसकेका व्यक्तिले कुनै जिल्ला र समुदायलाई अपमानित गर्नेगरी बोल्नु हुन्थेन,' मधेश एमालेका एक नेता भन्छन्, 'चुनावकै बेला यस्तो बोलिदिनु भयो, अप्ठ्यारो परिरहेको छ ।'

मधेशी समुदायलाई आक्रोशित पार्नेगरी ओलीले टिप्पणी गर्नुको पृष्ठभूमिमा भने बालेन नै छन् । जेनजी आन्दोलन अघिबाटै बालेनसँग ओलीको सम्बन्ध राम्रो छैन ।

जेनजी आन्दोलनका क्रममा नृशंस राज्य दमन भएपछि त तत्कालीन प्रधानमन्त्री ओलीलाई बालेनले 'आतंकवादी'कै संज्ञा दिएर स्टाटस लेखे । २४ भदौको विध्वंश हुनुमा बालेनको स्टाटसले उक्साउने भूमिका खेलेको नेताहरूले तर्क गर्दै आएका छन् । एमाले आरोपहरूमा बालेनले चाहिँ कुनै सार्वजनिक जवाफ दिएका थिएनन् ।

बरू मेयरबाट राजीनामा दिएर रास्वपा प्रवेश गर्ने, झापा-५ मै गएर ओलीलाई हराएर प्रधानमन्त्री बन्ने जस्ता तयारी गरिरहेका थिए । ५ माघमा जनकपुरमा आयोजित सभाबाट उनले देशको प्रधानमन्त्री बन्ने घोषणा गरेका छन् ।

जनकपुर सभाबाट बालेनले 'मधेशको छौंरा' (मधेशको छोरा) देशको प्रधानमन्त्री बन्न लागेको भनेर मत मागेका छन् । बालेनलाई 'लुसिफर' को संज्ञा दिदै आएका एमाले नेता महेश बस्नेतले त्यसदिनको अभिव्यक्तिलाई गलत अर्थमै प्रयोग गरे ।

'हम् मधेशका बेटा हे भनेको भए अर्कै कुरा हुन्थ्यो, छाउरा भनेपछि तपाइँहरू आफै बुझ्नुस् । छाउराको अर्थ के हुन्छ ? मेरै मुखबाट के भनौ,' एमाले सचिव बस्नेतले सार्वजनिक कार्यक्रममै भनेका छन् ।

बस्नेतले यस्तो बोलेको भिडियो सामाजिक सञ्जालमा भाइरल छ । भाइरल भिडियोमा दर्शकदीर्घाबाट एक महिलाले बस्नेतलाई रोक्न खोजेको सुनिन्छ ।

तर महेश रोकिंदैनन् । 'के को बच्चालाई छाउरा भनिन्छ ?,' भीडलाई महेश उक्साउँछन्, 'के को बच्चा भन्नु न ।'

*अनि भीडबाट एकसाथ आवाज आउँछ- कुकूरको ।*

*लगत्तै नारा लाग्छः नेकपा एमाले- जिन्दावाद !*

ओली निकट नेता बस्नेतको अभिव्यक्तिप्रति मधेशका एमाले नेताहरूले नै चर्को आपत्ति जनाए । धनुषा-३ बाट उम्मेदवार रहेकी जुलीकुमारी महतोले सार्वजनिक आपत्ति नजाउँदै बस्नेतलई मधेशी जनतासँग माफी माग्न आग्रह गरिन् । 'मधेशी जनता र हाम्रो मन दुखाएकोमा माफी माग्नुस्,' महतोले भनिन् ।

पार्टीभित्रै चर्को विरोध भएपछि बस्नेतले माफी मागेर स्टाटस लेखे । '.. मैले नबोलेको विषयलाई गलत व्याख्या नगरिदिन अनुरोध गर्दछु । कसैले गलत अर्थ लगाएर फैलाएको प्रचारप्रति भ्रममा नपर्न सबैमा आग्रह गर्दछु,' बस्नेतले लेखेका छन्, 'यस क्रममा कसैलाई अनजानमा चोट पुगेको भए क्षमायाचना गर्दछु ।' बस्नेतले स्टाटस लेखेपछि मधेश इन्चार्ज रहेका एमाले सचिव रघुबीर महासेठले आफूले माफी माग्न लगाएको सार्वजनिक भाषण गरे ।

'छौंरा' शब्दलाई 'छाउरा'को रूपमा अर्थ्याएर व्यंग्य गर्न खोज्दा बस्नेतविरुद्ध मधेशमा प्रदर्शन नै भएको थियो भने उनको पुत्ला जलाइयो । 'तस्वीर जलाउने, प्रदर्शन गर्ने मात्र नभएर अहिले भाषणको मुख्य एजेण्डा नै यही बनेको छ,' मधेश एमालेका एक नेता भन्छन्, 'एमालेका उम्मेदवार हरुले चाहिँ हामी मधेशी जनताको मन दुखाउने पक्षमा छैनौं भनिरहनु परेको छ ।' भोजपुरी र मैथैली भाषीहरुले प्रेमपूर्वक आफ्ना छोराछोरीलाई बोलाउने शब्द 'छौंरा-छौरी (छौंडा-छौंडी पनि भनिन्छ)' लाई कुकूरको बच्चासँग तुलना गरिएपछि विरोध देखिनुलाई स्वभाविक रुपमा लिनुपर्ने एमाले नेता पुरुषोत्तम पौडेल बताउँछन् । 'मैथैली र भोजपुरी दुवै समुदायमा खुब प्रचलनमा रहेको झर्रो शब्द हो- छौंरौछौंरी,' उनी भन्छन्, 'एमाले जस्तो जिम्मेवार पार्टीका नेताहरुले भाषाको ज्ञान नराखी बोल्न हुन्न । शब्द प्रयोग गर्दा आदरार्थी र विनम्र हुनुपर्छ ।'

बस्नेतले गरेको गल्ती सच्याउनुको साटो 'गुइँठा संस्कृतिका मानिस' भनेर बालेनप्रति टिप्पणी गरिनुले राजनीतिक परिस्थिति ओली आफै उत्तेजित बनाउन चाहन्छन् भन्ने अनुमान लगाउन सकिन्छ ।

२१ फागुनमा हुन लागेको चुनावी कोर्शमा ओलीले भिन्न मत राख्दै आएकाले पनि यस्तो शंका गर्न सकिने सुविधा छ । जेनजी विद्रोहबाट आफ्नो सत्ता पलट भएर पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको अन्तरिम चुनावी सरकारलाई गैरसंवैधानिक भन्दै आएका ओली प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा छन् ।

प्रतिनिधि सभा पुनर्स्थापनाको अडानमा नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवालाई समेत ओलीले सहमत गराइसकेका थिए । तर विशेष महाधिवेशन मार्फत् कांग्रेसले आफ्नो नयाँ सभापतिमा गगन थापालाई चयन गरेपछि मुलुक सम्पूर्ण रूपले चुनावमा होमिएको छ । (ओली भने अझैपनि सर्वोच्च अदालतले देउवालाई कांग्रेस सभापतिको मान्यता दिन्छन् कि भन्ने आशमा छन् ।)

अर्थात् साथ दिने शक्ति नभएपछि चुनावमा होमिन बाध्य ओलीले मनमौजी 'गैरजिम्मेवार' टिप्पणी गर्न नछोड्नुलाई उनको पुरानै स्वभाव मात्र भन्न सकिने स्थिति छैन । सुरक्षा व्यवस्थाप्रति निरन्तर अविश्वास गर्ने, प्रतिस्पर्धीबीच घृणाको भाव सिर्जना गर्ने, चुनाव हुनेमा शंकाको बातावरण बढाउने जस्ता कार्यले पनि ओलीमाथि प्रश्न उठ्छ ।

राजनीतिक विश्लेषक झलक सुवेदी भने ओलीले आफ्नो सान्दर्भिकता कायम राख्न चर्को अभिव्यक्ति मार्फत राजनीतिलाई धुब्रिकरणको प्रयास गरेको हुन सक्ने बताउँछन् । 'चर्को बोलेर जनतामा भय सिर्जना गर्दै धुवीकरण बढाउनु दक्षिणपन्थी राजनीतिको सिद्धान्त हो,' सुवेदी भन्छन्, 'परिस्थितिलाई उत्तेजित बनाउँदा कार्यकर्ता परिचालन हुन्छ भन्ने पनि होला ।'

तर मुलुकलाई सम्हाल्नेगरी हुन लागेको चुनावी कोर्सलाई बिथोलिन नदिने बातावरण बनाउनु जिम्मेवार नेताहरुको दायित्व भएको उनी बताउँछन् । 'जिम्मेवार नेताहरुले भूमिका खेल्नु पर्‍यो, नागरिक समाज र मिडिया पनि बातावरण सम्हाल्न लाग्नुपर्‍यो,' विश्लेषक सुवेदी भन्छन्, 'निर्वाचन आयोगले नेताहरुको भाषाप्रति खबरदारी गर्नुपर्छ ।' अनलाइनखबर

# ८३ वर्षीय महन्थ ठाकुर...

राजनीतिमा प्रवेश गरे । त्यही कार्यकालमा उपसभामुख बन्न सफल भए । २०५१ सालको मध्यावधि निर्वाचनमा पुनः सर्लाहीबाटै निर्वाचित भएपछि उनी मन्त्री बनेका थिए ।

नेपाली कांग्रेसका कोषाध्यक्षसमेत रहिसकेका ठाकुरले कृषि, कानुन, विज्ञान तथा प्रविधि मन्त्रीको जिम्मेवारी सम्हाले । तर २०६४ सालमा कांग्रेस त्याग्दै आफ्नै नेतृत्वमा तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) गठन गरे । पहिलो संविधानसभा निर्वाचन २०६४ मा सर्लाही क्षेत्र नं. ४ बाट चुनाव लडेका उनी मधेशी जनअधिकार फोरमका उम्मेदवार शिवपुजन यादवसँग पराजित भएका थिए । यद्यपि उनी मनोनित संविधानसभा सदस्य बने । दोस्रो संविधानसभा निर्वाचन २०७० मा पनि उनी कांग्रेसका उम्मेदवार अमरेश सिंहसँग हार व्यहोरे ।

संविधान घोषणाको संघारमा भएको छ महिनाको तेस्रो मधेश आन्दोलनमा ठाकुरले मधेशवादी दलहरूसँग मिलेर संयुक्त मधेशी मोर्चाको नेतृत्वदायी भूमिका खेले । आन्दोलनपछि मधेशमा मधेशवादी शक्तिप्रति सहानुभूति बढ्यो । २०७४ को निर्वाचनअघि उनले छ वटा दल एकीकृत गर्दै राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल गठन गरे, जसमा तमलोपा, संघीय सद्भावना पार्टी, राष्ट्रिय मधेस समाजवादी पार्टी, मधेसी जनअधिकार फोरम (गणतान्त्रिक), सद्भावना पार्टी र तराई मधेश सद्भावना पार्टी समाहित भए । राजपामा चक्रिय प्रणालीबाट नेतृत्व चयन गरिन्थ्यो ।

२०७४ को निर्वाचनमा राजपा र तत्कालीन संघीय समाजवादी पार्टीले राम्रो उपस्थिति जनाए । २०७७ मा यी दुई दल एकताबद्ध भई जनता समाजवादी पार्टी (जसपा) नेपाल बने ।

तर डेढ वर्षमै २०७८ मा पार्टी विभाजन गर्दै ठाकुरले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठन गरे । पछिल्लो समय फेरि जसपामा समाहित हुँदै उनी राष्ट्रिय राजनीतिमा पुनः केन्द्रमा आएका छन् ।

राजनीतिक यात्रामा उपप्रधानमन्त्री बन्ने अवसर पटक-पटक आए पनि उनले आफूभन्दा अन्य नेतालाई अघि सारे । राष्ट्रपतिको उम्मेदवारका रूपमा पनि उनको नाम पटक-पटक चर्चामा आयो । केपी शर्मा ओली नेतृत्वको सरकारले संसद् विघटन गर्दा कांग्रेसले उनलाई प्रधानमन्त्रीको प्रस्तावसमेत गरेको थियो ।

तर, उनले ओलीसँग सहकार्य गरे, जसको परिणामस्वरूप त्यस सरकारमा राजेन्द्र महतो उपप्रधानमन्त्री बने । पछि सर्वोच्च अदालतको आदेशबाट कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त हुँदा ओली सरकार ढलेको थियो ।

यद्यपि ठाकुरमाथि परिवारवादको आरोप पनि लाग्ने गरेको छ । सम्धिनीलाई संविधानसभा सदस्य बनाएको, सम्धिलाई भागबण्डामा प्रदेश प्रमुख बनाएको तथा पछिल्लो निर्वाचनमा समानुपातिकतर्फ छोरीको नाम समावेश गराएको विषयमा उनी आलोचनामा पर्दै आएका छन् ।

यसपट महोत्तरी क्षेत्र नं. ३ मा उनले आफ्नो छोरीलाई उम्मेदवार उठाएको छ ।

लामो राजनीतिक अनुभव, निर्णायक क्षणमा खेल्ने भूमिका र निरन्तर विवादबीच पनि महन्थ ठाकुर मधेश र राष्ट्रिय राजनीतिका प्रभावशाली पात्रका रूपमा कायम छन् ।

# जग्गा विवादमा एक जनाको...

गराउन प्रहरी पुगेको जनाइएको छ । घर हटाउने काम भइसकेपछि दुवै पक्षबिच भएको विवादमा अर्को व्यक्तिको धकेलाधकेलमा मृत्यु भएको एसपी पाठकले बताए ।

घटनास्थलमा लडेर घाइते भएका शेखको उपचारका लैजाने क्रममा बाटोमा मृत्यु भएको प्रहरी बताउँछ । सार्वजनिक जग्गाको संरचना हटाउने सहमति हुँदा पनि शेख अख्तरले नहटाएपछि विवाद भएको थियो । पछाडिको जग्गावाला राम भरोसी महतोले आजै प्रहरीसँग गुहार मार्गदै संरचना हटाउन लागेका थिए । शेख अख्तरको मृत्युपछि स्थानीयले साँझ पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका थिए । यद्यपि दुवै पक्षसँग छलफल गरेर राजमार्ग खुलाइएको प्रहरीले जनाएको छ ।

सूचना, समाचार र मनोरञ्जनका लागि
सामुदायिक रेडियो दर्पण
८८.४ मेगाहर्ज
बिहान ५ बजेदेखि राति ११ बजेसम्म

परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?
यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-

सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
सङ्क्रमितको हेरचाहमा खटिंदा पूरा बाहुला भएको लुगा लगाउने
लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
घर वरपर पानी जम्न नदिने
जलेश्वर नगरपालिका
जलेश्वर, महोत्तरी

# उखु बोकेर चर्चामा उम्मेदवार...

क्विन्टल ७० रुपैयाँ अनुदान दिने निर्णय सरकारले गरेको थियो । तर पछि सरकारले नै अनुदानमा ५० प्रतिशत कटौती गरिदियो । गत असार २२ गते आर्थिक वर्षको अन्त्यमा दिने भनेको ७० रुपैयाँ अनुदानबाट प्रतिक्विन्टल ३५ रुपैयाँका दरले मात्रै उपलब्ध गराउने निर्णय भएको थियो । त्यो रकम पनि किसानको हातमा अझै परेको छैन ।

'एक त उखुको भाउ चाहे अनुसार छैन । त्यसमा पनि सरकारले तोकेको अनुदानमा कटौती गऱ्यो । त्यही ३५ रुपैयाँ अनुदान अझै हातमा परेको छैन' सर्लाहीको चन्द्रपुर नगरपालिका मोहनपुरका किसान प्रेमलाल यादवले गुनासो गरे । उनले गत वर्ष दुई विघा जमिनमा ६ सय क्विन्टल उखु उत्पादन गरेका थिए ।

चालु आर्थिक वर्षमा उखुको समर्थन मूल्य प्रति क्विन्टल ६२० रुपैयाँ तोकेको छ । २२ मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले तोकेको यो मूल्य चिनी उद्योगहरूले किसानलाई सिधै भुक्तानी गर्नु पर्छ । यस अतिरिक्त सरकारले आर्थिक वर्षको अन्त्यमा उखु किसानलाई प्रतिक्विन्टल थप ७० रुपैयाँ अनुदान उपलब्ध गराउने निर्णय पनि गरेको छ ।

यसरी किसानले समर्थन मूल्य र सरकारी अनुदान दुवै मिलाएर प्रतिक्विन्टल ६ सय ९० रुपैयाँ पाउँछन् । यो मूल्य अहिलेसम्मको उच्च हो । यसबाट किसानले ट्याक्टरले आफ्ना मजदुर लगाएर मिलमा पुऱ्याएको भाडा वापत प्रतिक्विन्टल १५० रुपैयाँ लैजाने गरेका छन् । अनुदान कटौती र तोकिएको मिहिनेत अनुसार उचित मूल्य नभएको भन्दै किसान अझै असन्तुष्ट छन् । इन्दुशंकर चिनी मिलमा बिहीबार अपराह्न ४ बजे ट्याक्टरमा उखु लिएर पुगेका बसबरिया गाउँपालिका १ का अशोक यादव लगानी अनुसार अझै पनि भाउ नरहेको गुनासो गर्छन् । 'मिहिनेत र लगानी अनुसार उखुको भाउ नै छैन । मूल्य प्रति क्विन्टल ९ सयदेखि १ हजार भए मात्र अलि फाइदा हुने हो ।'

विगतमा उखुको उचित मूल्य लागि पहल गर्छु भन्दै वाचा गरि वरी चुनाव जितेर गएकाहरूले अपेक्षा अनुसार काम त के पहल पनि नगरेको किसानहरूको गुनासो छ । 'पहिले चुनावमा आएका उम्मेदवारले उखु किसानको दुःख बुझ्नेनन् । उनीहरूले त उल्टै मिलसँग मिलेर किसानलाई लुट्छन् । देशलाई लुटिरहेका छन्' किसान अशोक यादव भन्छन् 'अब आएकाहरुले किसानको समस्या बुझिदिउन । किसान नै रहेन भने के रहन्छ ? म त यसपालि मत परिवर्तन गर्छु ।'

धनकौल नगरपालिका-१ सखौनारका ५७ वर्षीय विनेकी रायको पनि गुनासो उही छ । चुनावका बेला भोट माग्न खेतबारीसम्मै पुग्ने नेताहरू जनताको समस्यामा भने मौन रहने बताए । 'लगानी र मिहिनेतअनुसार उँखुको भाउ पाइँदैन । बेच्न बिचौलियाकै भर पर्नुपर्छ,' उनले भने, 'विगतका उम्मेदवार जितेर गए, तर केही गरेनन् । कम्तिमा वैकल्पिक सिंचाइ र समयमा मलखादको व्यवस्था गरिदिने उम्मेदवार भए हुन्थ्यो, तर त्यस्तो पनि भएन ।'

कृषक अशोक यादवको जस्तै चाहना बसबरिया नगरपालिका-३ का भुटन साहको छ । बुधबार अपराह्न खेतमै श्रीमती र छोरासँग काटेको उखु चिनी मिलसम्म पुऱ्याउन टाउकोमा बोकेर बयलगाडामा लोड गर्दै गरेका उनले भने 'उखु उब्जाउन धेरै दुःख गर्नुपर्छ, भाउ बढाइदिए हुन्थ्यो ।'

उनीहरू जस्तै नियति सर्लाहीका सबै उखु किसानको छ । यहाँका अधिकांश किसानको आर्थिक उपार्जनको आधार कृषि हो । सर्लाहीमा हरेक वर्ष ६४ हजार हेक्टरमा उखु उत्पादन हुँदै आएको छ । विगतमा मिहिनेत गरी उब्जाएको उखुको वर्षौंसम्म पनि भुक्तानी नपाउने समस्या यहाँका किसानले झेल्दै आएका छन् । किसानले दिएको उखुको मूल्य पाउन पनि चिनी मिलदेखि काठमाडौंसम्म पुगेर आन्दोलन गर्नु पर्ने विगत छ । अझै पनि साना किसानले चलान पुर्जी किन्नु पर्ने, जेटिएलाई खुवाउनु पर्ने र अनुदानको रकम पाउन संघर्ष गर्नु परेको छ । सर्लाहीमा हाल इन्दुशंकर सुगर मिल, अन्नपूर्ण सुगर मिल र महालक्ष्मी सुगर मिल गरी तीनवटा चिनी उद्योग छन् । सर्लाहीमा उखु किसानको समस्यामा पनि विगतमा जितेर गएकाहरुले खासै चासो नदेखाएको उनीहरुको गुनासो छ । तर, यसपटक सर्लाहीमा पुरानासँगै नयाँ हेभीवेट उम्मेदवारहरु मैदानमा छन् । प्रस्तावित प्रधानमन्त्रीको रुपमा उम्मेदवार देखिएका कांग्रेसका सभापति गगन थापा सर्लाही क्षेत्र नं. ४ मा उम्मेदवार छन् । यस्तै सर्लाही क्षेत्र नं. ३ मा नेपाली कम्युनिष्ट पार्टीका बरिष्ठ नेता तथा पूर्व उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ लडेका छन् । सर्लाही जिल्लाबाट विगतमा निरन्तर तथा पटक पटक सांसद जितिरहेका नेकपाका महेन्द्र राय यादव फेरि क्षेत्र नं. २, एमालेका हरि प्रसाद उप्रेती क्षेत्र नं. ३, अमरेश सिंह रास्वपाबाट क्षेत्र नं. ४, राष्ट्रिय मुक्ति पार्टीका राजेन्द्र महतो क्षेत्र नं. २ मा उम्मेदवार छन् । उनका अलावा अझ् पूराना उम्मेदवारहरू समेत चुनावी मैदानमा छन् ।


**'उखुको समस्यामा विगतका उम्मेदवारको वजन पुगेन, आएकालाई विश्वास गर्न सकिँदैन'**

विगतदेखि नै सरकार र जनप्रतिनिधि उखु किसानको समस्याप्रति गम्भीर नरहेको उखु उत्पादन महासंघ नेपालका अध्यक्ष श्यामबाबु रायको भनाइ छ । 'लगानी र मिहिनेत अनुसार खुको भाउ चित्त बुझ्दो छैन । कम्तीमा प्रतिक्विन्टल ७ सय रुपैयाँ हुनुपऱ्यो । हाम्रो माग पनि त्यही थियो' अध्यक्ष राय भन्छन् 'विगतदेखि नै उखु किसान सरकार र जनप्रतिनिधिको चासोको विषय छैन । सरकार उखु किसान फस्टाओस् भन्दा चिनी मिल मालिक फस्टाउन् खोजेको हो ।'

उनका अनुसार विगतमा ८० देखि ९० लाख क्वीन्टल उखु सर्लाहीमा उत्पादन हुने गरेको थियो । तर पछिल्ला वर्षहरूमा सर्लाहीमा उखु उत्पादन घट्दो छ । अहिले ५५ देखि ६० लाख क्वीन्टल मात्र उत्पादन भइरहेको उनको भनाइ छ । 'लागनी अनुसारको भाउ नपाउदा उखु किसान पलायन हुँदैछन् । आफै उत्पादन गर्ने किसानलाई ठीक छ । तर मजदुर लगाएर गराउन अहिलेको भाउ कम हो' उनले भने ।

विगतमा यस जिल्लाबाट चुनाव जितेर संसदमा पुगेका सांसदहरूको उखु किसानको समस्या उठाउन नै वेट नपुगेको उनको बुझाइ छ । 'यहाँको राजनीति दलको भूमिका सकरात्मक नै देखिन्छ । तर यहाँबाट जितेर गएकाहरूलाई सरकारमा यो कुरा राख्न वेट नै पुगेन' अध्यक्ष रायले भने 'अहिले बाहिरबाट आएका हेभीवेट उम्मेदवारहरुलाई पनि विश्वास गर्न सकिँदैन । उनीहरू पनि जित्न आएका हुन् ।'

कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि
९८०२३२८८३०, ९८१४८३५५४२, ९८१२०४८५६६
thepublictoday2070@gmail.com

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान
खर्गा दन्त उपचार केन्द्र प्रा.लि.
बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
९८४४३१२२४६
डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# ८३ वर्षीय महन्थ ठाकुर बने राष्ट्रिय सभा सदस्य




**शैलेन्द्र महतो**
**जनकपुरधाम, माघ ११ गते ।**
केही समय अघि जनता समाजवादी पार्टी (जसपा) मा समाहित भएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुर मधेशबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका छन् ।

उनी अन्य कलस्टरतर्फ ७ हजार ७२५ मत ल्याएर राष्ट्रिय सभामा निर्वाचित भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार लक्ष्मण पौडेल १ हजार ८०५ मत पाएका छन् ।

उनी नेपाली कांग्रेस, नेकपा एमाले, जसपा र जनमत पार्टीको गठबन्धनबाट उम्मेदवार थिए । उनी प्रतिनिधि सभाका निर्वतमान सदस्य हुन् ।

महोत्तरीको पिपरा गाउँपालिका-एकरहिया घर भएका ठाकुर मधेश राजनीतिका सबैभन्दा अनुभवी र उतार-चढावपूर्ण यात्राका साक्षी नेता मानिन्छन् । उनले २०७४ र २०७९ सालमा लोसपाबाट प्रतिनिधि सभा सदस्यका रूपमा महोत्तरी क्षेत्र नं. ३ बाट चुनाव जितेका थिए ।

२०७९ को निर्वाचनमा भने दोस्रो पटक प्रतिस्पर्धा गरेका उनी यसपटक राष्ट्रिय सभामा पुगेका छन् । तर प्रतिनिधिसभामा उनी अन्तिम पटक मत मागेका थिए । पुनः राष्ट्रिय सभा सदस्यमा भएपछि उनलाई पदीय लोभी नेता भनेर टिप्पणी हुन थालेको छ । कमजोर शारीरिक अवस्थाको कारण उनी आफैं उठबस र हिँडडुल गर्न सक्दैनन् ।

विद्यार्थी कालमै नेपाली कांग्रेस निकट राजनीतिमा सक्रिय ठाकुरले पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनमा जेलनेलसमेत भोगे । २०३६ सालको बहुदलीय आन्दोलन र २०४६ सालको जनआन्दोलनमा उनको सक्रिय भूमिका रह्यो ।

२०४८ सालमा नेपाली कांग्रेसबाट सर्लाही क्षेत्र नं. ५ बाट चुनाव जित्दै उनी पहिलो पटक संसदीय

*- बाँकी पृष्ठ ३ मा*

# मलङ्गवामा दादुरा सङ्क्रमण फैलियो



**सर्लाही, माघ ११ गते ।**
मलङ्गवा नगरपालिका-३ मा दादुरा रोगको सङ्क्रमण फैलिएको छ । मलङ्गवा-३ मा दादुरा सङ्क्रमणबाट प्रभावित सात बिरामी फेला परेका छन् ।

यहाँ दादुरा सङ्क्रमण फैलिएको स्वास्थ्य कार्यालयका प्रमुख डा नवलकिशोर झाले जानकारी दिए । उनका अनुसार सङ्क्रमणको आशङ्का गरिएका २२ जनालाई उनीहरुकै घरमा निगरानीमा राखिएको छ । दादुरा रोग तीव्र गतिमा फैलिने भएकाले यसबाट बच्न आवश्यक सतर्कता अपनाउन स्वास्थ्य कार्यालयले मलङ्गवावासीसँग अनुरोध गरेको छ ।

दादुरा रोगबाट बालबालिकालाई बचाउन र थप सङ्क्रमण फैलिन नदिन माघ १२ देखि माघ १६ गतेसम्म मलङ्गवामा विशेष खोप अभियान सञ्चालन गरिने प्रमुख डा झाले बताए ।

सो अभियानअन्तर्गत मलङ्गवा-३, २, ४, ८, ९ र १० वडाका ६ महिनादेखि १४ वर्ष उमेर समूहका बालबालिकालाई दादुराविरुद्धको खोप प्रदान गरिने मलङ्गवा नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ ।

स्वास्थ्य शाखाले अभिभावकलाई नजिकैको खोप केन्द्रमा आफ्ना बालबालिकालाई अनिवार्य रूपमा खोप लगाउन अनुरोध गरेको छ । समयमै खोप लगाउँदा दादुराजस्तो सङ्क्रामक रोगबाट बच्न सकिने कार्यालयको विश्वास छ । रासस

# निर्वाचनको मुखैमा २२ नेताले छाडे राजेन्द्र महतोको साथ

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ ११ गते ।**
प्रतिनिधिसभा निर्वाचनकै मुखमा राजेन्द्र महतोलाई धक्का लागेको छ । उनको नेतृत्वमा रहेको राष्ट्रिय मुक्ति पार्टी नेपालमा फुट आएको हो ।

पार्टीका केन्द्रीय सदस्य, राष्ट्रिय परिषद् सदस्य र धनुषा जिल्ला कार्यसमितिका सदस्यसहित नेता-कार्यकर्ताले सामूहिक रूपमा पार्टी परित्यागको घोषणा गरेका छन् ।

पार्टी परित्यागको घोषणा गर्दै उनीहरूले आईतबार एक संयुक्त विज्ञप्ति जारी गरेका छन् । विज्ञप्तिमा उल्लेख भएअनुसार केन्द्रीय सदस्य र राष्ट्रिय परिषद् सदस्य गरी १२ जनाले पार्टी छाडेका छन् । यस्तै धनुषा जिल्ला कार्यसमितिका १० जनाले पनि पार्टी परित्याग गरेको घोषणा विज्ञप्ति मार्फत गरिएको छ ।

विज्ञप्तिमा नेपाल गम्भीर राजनीतिक सङ्कट र दिशाहीनताको अवस्थामा पुगेको स्वीकार गर्दै वर्तमान राजनीति दलगत सङ्कीर्णता, अवसरवाद र व्यक्ति(केन्द्रित भएकोले मुलुक र जनतालाई थप निराशातर्फ धकेलेको निष्कर्ष निकालिएको छ । यस्तो अवस्थामा पार्टीगत



आवरणभन्दा माथि उठेर देश, जनता, विधिको शासन तथा बृहत्तर लोकतान्त्रिक राजनीतिक एकता नै वर्तमान समयको अपरिहार्य आवश्यकता भएको उनीहरूको ठहर छ ।

पार्टी परित्याग गर्ने नेता-कार्यकर्ताले अब यथास्थितिवादी, विभाजनकारी र जनआकांक्षाविरोधी राजनीतिबाट अलग हुँदै देशको सार्वभौमिकता, लोकतन्त्र र जनअधिकारको पक्षमा दृढतापूर्वक उभिने नयाँ राजनीतिक यात्राको घोषणा गरेका छन् । उनीहरूले उक्त नयाँ यात्राबारे केही दिनभित्र औपचारिक रूपमा सार्वजनिक गरिने जानकारी पनि गराएका छन् ।

# उपचारमा लापरबाहीले मृत्यु भएको भन्दै औषधालयमा आगजनी प्रयास

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ ११ गते ।**
सर्लाहीको नवलपुरस्थित मोहन आयुर्वेद औषधालयमा उपचार गर्न ल्याइएकी लालबन्दी-२ पुनर्वास टोलकी १८ वर्षीया हंसु पासवानको मृत्यु भएपछि आफन्तले औषधालयमा आगजनीको प्रयास गरेका छन् ।




उपचारमा भएको लापरबाहीले बिरामीको ज्यान गएको भन्दै आफन्तहरु प्रदर्शनमा उत्रिएका हुन् । पाइल्सको समस्याका कारण रक्तस्राव भएपछि उपचारका लागि नवलपुरस्थित उक्त औषधालयमा ल्याइएकी हंसुको मृत्यु भएको हो। उपचार गर्दागर्दै अवस्था असामान्य बनेपछि त्यहाँबाट बाहिर पठाएका थिए । बिरामीलाई नमूना अस्पताल हरिवन पुर्याउँदा साँझ ४ बजेतिर चिकित्सकले मृत घोषणा गरेका थिए । आक्रोशित स्थानीयले नवलपुरमा प्रदर्शन र औषधालयमा आगजनी प्रयास गरेका थिए ।

घटनापछि नवलपुर केही समय तनावग्रस्त बनेको थियो। प्रहरीले शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवातर्फ पठाएको छ । मोहन आयुर्वेद औषधालयका वैद्य रामविनय साह भने प्रहरी नियन्त्रणमा छन् । नलवपुरको अवस्था विस्तारै सामान्य बन्न थालेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी सरोजकुमार राईले बताए ।

## कर्मचारी आवश्यकता

मधेश प्रदेशको न्यमि क्तबच कम्पनीको जुत्ता चप्पलको अधिकृत विक्रेता S.B.Sales and Suppliers बर्दिवासका लागि केही कर्मचारी आवश्यकता भएको हुनाले इच्छुक व्यक्ति तुरुन्त सम्पर्क राख्नुहोला ।

| | |
|---|---|
| पद : सेल्स मार्केटिङ्ग | पद : स्टोर किपर |
| संख्या : १ जना (पुरुष) | संख्या : १ जना (पुरुष) |
| योग्यता : +२ उत्तिर्ण | योग्यता : +२ उत्तिर्ण |

**तलब :** आपसी सम्झदारीमा तय गरिनेछ ।
**नोट :** मोटरसाईकल लाईसेन्स भएको, सम्बन्धीत काममा अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।

सम्पर्क :
**S.B.Sales & Suppliers**
बर्दिवास-१, महोत्तरी
मो.नं.- ९८२३४९१९२१, ९८४४३६१५८८

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री